आ.व. २०७५/०७६ को बाह्रौं बैठक

आज मिति **२०७५ साल पौष १६ गते सोमवार विहान ९ : ०० बजे** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१. श्री खिमलाल वली लेखा अधिकृत

२. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.

३. श्री रेशमराज अधिकारी स.ले.पा.

## प्रस्तावहरु :

१. आ.ज.०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन सम्वन्धमा ।

२. आदर्श मा.वि.को नमूना गुरुयोजना स्वीकृत सम्वन्धमा ।

३. नदीजन्य पदार्थको निकासी सम्वन्धमा ।

४. चालु खर्चको बजेट शिर्षकहरुको रकम संशोधन सम्वन्धमा ।

५. गत आ.व.०७४/०७५ मा संकलन गरिएको ढुंगाको निकासी सम्वन्धमा ।

६. लोकल मदिरा उत्पादन र बालश्रमिक प्रयोग गरी गाडीमा मालसामान बिक्री सम्वन्धमा ।

७. सडक क्षेत्राधिकार मिची घर बनाउने तथा रुख रोप्ने सम्वन्धमा ।

८. प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई गर्ने सम्वन्धमा ।

९. गाउँसभा (हिउँदे अधिवेशन) को मिति तोक्ने सम्वन्धमा ।

१०. राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको स्वीकृत कार्यक्रम सञ्चालन सम्वन्धमा ।

११. घरेलु तथा साना उद्योग कार्यालय दाङको च.नं.१६५९ मिति २०७५/०९/०३ को पत्रानुसार तालिमका सहभागि, तालिमको विषय र स्थान छनौट गरी पठाउने सम्वन्धमा ।

१२. RMPAC गठन सम्वन्धमा ।

१३. सेवा करारकामा कार्यरतहरुको तलव भुक्तानी तथा म्याद थप सम्वन्धमा ।

१४. क्रमागत योजना अन्तर्गत राजश्व संभाव्यता अध्ययनको भुक्तानी दिने सम्वन्धमा ।

१५. मिति २०७५/०८/२८ को प्रकाशित सूचना अनुसार सफल उम्मेदवारसँग सेवा करार संझौता गर्ने सम्वन्धमा ।

१६. विद्युतीकरणको लागि लागत अनुमान तयारी तथा टेण्डर सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको गत आ.व.०७४/०७५ को महालेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदनमा औल्याईएका बेरुजु माथि छलफल गरियो । उक्त प्रतिवेदनमा औल्याईएका नियमिति गर्नुपर्ने बेरुजुलाई तोकिएको अवधि भित्र नियमित गर्न आवश्य प्रमाण जुटाउने र अशुल उपर गर्ने बेरुजु तत्काल अशुल उपर गर्न प्रक्रिया अगाडी बढाउन सम्वन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका अन्तर्गत वडा नं.-२ मा रहेको श्री आदर्श नमूना मा.वि.को गुरुयोजना (DPR) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने राप्ती नदीको खुरुरीया बगर, भानपुर बगर, बगरापुर बगर र मझेरीया ईन्टेक नजिकको बगर क्षेत्रमा २ पटक टेन्डर आह्वानको सूचना प्रकाशन गर्दा समेत टेन्डर हुन नसकेको हुँदा IEE प्रतिवेदनमा तोकिएको परिमाण र दररेट नघट्ने गरी सोझै व्यवसायीसँग सम्झौता गरी नदी जन्य पदार्थको निकासी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा चालु आ.व.०७५/०७६ को लागि राप्ती गाउँपालिकाबाट वित्तीय समानिकरण तर्फ स्वीकृत वार्षिक चालु खर्च शिर्षकमा विनियोजन गरिएको बजेट कुनै शिर्षकमा बढी भएको र कुनै शिर्षकमा अपुग हुने देखिएकोले बढी हुने शिर्षकबाट अपुग हुने शिर्षकमा देहाय अनुसार बजेट रकम संशोधन गर्ने निर्णय गरियो ।

**आ.व.075/076 को लागि वित्तीय समानिकरण तर्फ विनियोजित बजेट**

| सि.नं. | शिर्षक | पहिले विनियोजित | हाल संशोधित |
|---|---|---|---|
| 1 | तलव कर्मचारी | 15,000,000.00 | 15,000,000.00 |
| 2 | पदाधिकारी पारिश्रमिक | 7,000,000.00 | - |
| 3 | पदाधिकारी भत्ता | 2,000,000.00 | - |
| 4 | पोषाक | 600,000.00 | 700,000.00 |
| 5 | महंगी भत्ता | 1,000,000.00 | 1,200,000.00 |
| 6 | अन्य भत्ता | 1,700,000.00 | 1,900,000.00 |
| 7 | कर्मचारी कल्याण कोष | 150,000.00 | 300,000.00 |
| 8 | पानी बिजुली | 500,000.00 | 500,000.00 |
| 9 | सञ्चार महशुल | 700,000.00 | 700,000.00 |
| 10 | ईन्धन | 3,500,000.00 | 3,500,000.00 |
| 11 | ईन्धन अन्य प्रयोजन | 100,000.00 | 100,000.00 |
| 12 | सञ्चालन तथा मर्मत सम्भार | 2,750,500.00 | 2,750,500.00 |
| 13 | विमा तथा नविकरण | 200,000.00 | 400,000.00 |
| 14 | कार्यालय सम्वन्धी खर्च | 3,300,000.00 | 3,300,000.00 |
| 15 | छपाई तथा सुचना खर्च | 1,700,000.00 | 1,700,000.00 |
| 16 | शिप विकास तथा जनचेतान तालिम गोष्ठी | 500,000.00 | 1,200,000.00 |
| 17 | सेवा परामर्श खर्च | 1,200,000.00 | 6,500,000.00 |
| 18 | अन्य सेवा शुल्क | 100,000.00 | 200,000.00 |
| 19 | कार्यालय खर्च पदपूर्ती | 300,000.00 | 1,200,000.00 |
| 20 | भ्रमण खर्च कर्मचारी | 1,300,000.00 | 2,000,000.00 |
| 21 | भ्रमण खर्च पदाधिकारी | 200,000.00 | - |
| 22 | विविध खर्च | 2,000,000.00 | 2,000,000.00 |
| 23 | सभा सञ्चालन तथा प्रगति समिक्षा खर्च | 850,000.00 | 1,050,000.00 |
| 24 | घर भाडा | 1,000,000.00 | 1,000,000.00 |
| 25 | अन्य भाडा | 200,000.00 | 650,000.00 |
| 26 | अन्य फिर्ता | 100,000.00 | 100,000.00 |
| | जम्मा | **47,950,500.00** | **47,950,500.00** |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको मिति २०७५/०९/१६ को निर्णय अनुसार राप्ती गाउँपालिकाका उपाध्यक्ष श्री जगदम्वा कुमारी चौधरीको संयोजकत्वमा गठीत ४ (चार) सदस्यीय समितिले पेश गरेको प्रतिवेदनमा उल्लेखित परिमाण १६१.२५ घनमिटर ढुंगाको प्रचलित दररेट अनुसार रोयल्टी अशुल गरी राप्ती गाउँपालिका वडा नं.-३ बसन्तापुर बस्ने रामबाबु चौधरीलाई गत आ.व.०७४/०७५ मा राप्ती नदीको तटवन्धनको उत्तर तर्फ संकलन गरिराखेको उक्त ढुंगा निकासीको अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको विभिन्न स्थानहरुमा घरेलु तथा लोकल मदिरा उत्पादन गरी बिक्री वितरण गर्ने गरेको हुँदा उक्त अवैध मदिरा नियन्त्रणमा गाउँपालिकाबाट पहल नभएको भनी स्थानीय जनताबाट गुनासो प्राप्त भएको साथै बालश्रमिक प्रयोग गरी राप्ती गाउँपालिकाका विभिन्न वडाहरुमा गाडीमा सामान बिक्री गरेको भनी व्यवसायीहरुबाट गुनासो प्राप्त भएको सन्दर्भमा राप्ती गाउँ कार्यपालिकाको ध्यानाकर्षण भएको छ । उपरोक्त कार्यहरुको वडा तथा गाउँपालिका स्तरबाट प्रभावकारी रुपमा अनुगमन गरी यदि गुनासा अनुसारको कार्य भएको पाईएमा उल्लेखित कार्यहरुलाई रोक लगाउन आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने राष्ट्रिय राजमार्ग तथा स्थानीय सडकको क्षेत्राधिकार मिची केही व्यक्तिहरुले घरहरु निर्माण गर्ने गरेको र सो क्षेत्र भित्र रुखहरु रोपी अतिक्रमण गरेकोले उक्त कार्यको रोकथामको लागि गाउँपालिकाले विशेष पहल गर्नुपर्ने भनी स्थानीय बासिन्दाबाट गुनासो प्राप्त हुन आएको सन्दर्भमा गाउँपालिकाको गम्भीर ध्यानकर्षण भएको छ । यदि वडाबाट अनुगमन गर्दा गुनासो अनुसार भएको पाईएमा त्यस्तो कार्यलाई तत्काल रोक लगाउने साथै अनुगमन गर्दा सडकको क्षेत्र अतिक्रमण गरी घर निर्माण गर्ने तथा रुख रोप्ने कार्य गरेको पाईएमा अतिक्रमित क्षेत्रबाट घर तथा रुखहरु तत्काल हटाउन सम्वन्धित वडाले पहल कदमी लिने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा चालु आ.व.०७५/०७६ को प्रथम चौमासिकमा यस राप्ती गाउँपालिकाबाट भएको आम्दानी तथा खर्चको वडागत तथा गाउँपालिकास्तरिय प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई यथासक्य चाँडो गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको गाउँ सभा (हिउँदे अधिवेशन) मिति २०७५ साल माघको दोस्रो साता बोलाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथी छलफल गर्दा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिले स्वीकृत गरी यस गाउँपालिकामा पेश गरेको चालु आ.व.०७५/०७६ को कार्यक्रम अनुसार आवश्यकता र स्थानीय बासीन्दाको माग वमोजिम देहायका स्थानमा देहाय अनुसार कार्यक्रम सञ्चालन गर्नको लागि सम्वन्धित निकायमा लेखि पठाउने गर्ने निर्णय गरियो ।

**चालु आ.व.०७५/०७६ मा यस गाउँपालिका भित्र सञ्चालन गरिने क्रियाकलापहरु :-**

*१. हरित पेटीका निर्माण (वृक्षारोपन)* - सुगुरेखोला क्षेत्र (वडा नं.-४) मा ।

२. *विभिन्न काठ, डालेघाँस, दाउरा,गैह्र काष्ठ वन पैदावार रुख प्रजातिका विरुवा खरिद तथा वितरण (वृक्षारोपन)* - गाउँपालिकाका चुरेक्षेत्र भित्रका सवै वडाहरुमा ।

३. *गल्छी, पहिरो तथा खहरे रोकथाम (भूसंरक्षण कार्य)*- आँपखोली (वडा नं.-१) रु. १० लाख, कटेसनाला मुक्तीनगर, कुम्ले टोल बराखुट्टी (वडा नं.-२) रु. १०/१० लाख, भुल्के (वडा नं.-५) रु. ३० लाख ।

४. *रेन वाटर/रन अफ हार्भेष्टिङ्ग ड्याम (भूसंरक्षण कार्य)*- जुटपानी (वडा नं.-८) मा ।

५. *क्षतिग्रस्त भूमि पुनरुथान (चुरे पहाडमा) (भूसंरक्षण कार्य)*- स्वर्गद्वारी प्रा.वि.क्षेत्र (वडा नं.-१) मा ।

६. *भिरालो कृषि भूमिमा वहुवर्षिय वाली बिस्तार (भूसंरक्षण कार्य)*- बाउन्नेपाटा (वडा नं.-२) मा रु.५०,०००।- र नयाँबस्ती (वडा नं.-३) मा रु. ५०,०००।-

७. *भूमिगत जल पुनर्भरण र सतहमुनीको पानी उपयोग चुरे तथा भावर क्षेत्रमा (पोखरी निर्माण)*- देवीकोट (वडा नं.-९) मा ।

८. *नदी तथा खोला किनारा स्थिरिकरण/व्यवस्थापन (स्पर, डाइक, बायोइन्जिनियरिंग समेत) ( नदी नियन्त्रण सम्वन्धी कार्य)*- आँपखोली (वडा नं.-१) रु. २० लाख, बुढीचौर पुलको पूर्व र पश्चिम (वडा नं.-३ र ४) रु.२० लाख, दोलईखोला र बग्गेखोला (वडा नं.-४) रु २०/२० लाख, प्रस्तावीत वडा कार्यालयको पश्चिम (वडा नं.-६) रु. २० लाख, वड्का सिसहनिया सानो नदी पुलभन्दा माथि (वडा नं.-७) रु. २० लाख ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथी छलफल गर्दा घरेलु तथा साना उद्योग कार्यालय दाङको च.नं.१६५९ मिति २०७५/०९/०३ को पत्रानुसार यस राप्ती गाउँपालिकाबाट देहायको विषयमा देहायका स्थानहरुमा तालिम सञ्चालन गर्ने गरी तालिमका सहभागिहरु छनौट गरी पठाउने निर्णय गरियो ।

<u>तालिमको विषय र तालिम सञ्चालन हुने स्थान :-</u>

१. *उद्यमशिलता विकास तालिम :-* जुनसुकै उद्यम गरीरहेकालाई वडा नं.-१ र २ का सहभागिलाई (तालिम सञ्चालन हुने स्थान   वडा नं.-२

२. *भगत सर्वजीत सीप विकास तालिम (दलित लक्षित) :-* वडा नं.-६ र ७ का दलित सहभागिलाई जे.सी.भी.अपरेटर तालिम (तालमि सञ्चालन हुने स्थान वडा नं.-७)

३. *उद्यमी सृजना तथा रोजगार तालिम :-* वडा नं.- ३ र ४ का सहभागिलाई डकर्मी तालिम (तालिम सञ्चालन हुने स्थान वडा नं.-३)

४. *स्थानीय तह उद्यम विकास तालिम :-* वडा नं.-९ का सहभागिलाई सिलाई कटाई तालिम (तालिम सञ्चालन हुने स्थान वडा नं.-९)

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथी छलफल गर्दा समाज कल्याण परिषदको प्रावधान अनुसार यस राप्ती गाउँपालिकामा गाउँपालिका स्तरमा सञ्चालन हुने विभिन्न एन.जि.ओ. आइ.एन.जि.ओ.हरुका परियोजनाहरुको नियमन, व्यवस्थापन तथा समन्वय र सहकार्य गर्ने कार्यका लागि उपाध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहने गरी RMPAC गठन गर्ने निर्णय गरियो ।

***RMPAC मा रहने सदस्यहरुको विवरण :-***

| | |
|---|---|
| **उपाध्यक्ष** श्री जगदम्वा कुमारी चौधरी | -संयोजक |
| **वडा अध्यक्षहरु :-** श्री तारा बहादुर डि.सी. | -सदस्य |
| श्री जगत बहादुर थापा | -सदस्य |
| श्री चन्दर चौधरी | -सदस्य |
| श्री बिष्णु बहादुर घर्ती क्षेत्री | -सदस्य |
| श्री गोवर्धन रावत | -सदस्य |
| श्री बेद प्रसाद चौधरी | -सदस्य |
| श्री बिद्याशरण चौधरी | -सदस्य |
| श्री गोकर्ण बहादुर राना मगर | -सदस्य |
| श्री रिम बहानुर सुनारी मगर | -सदस्य |
| **आ.वि.शाखा प्रमुख** श्री महेश अधिकारी | -सदस्य |
| **स्वास्थ्य तथा सा.वि.शाखा प्रमुख** श्री नारायण राउत | -सदस्य |
| **शिक्षा शाखाका** श्री फनेन्द्रराज देवकोटा | -सदस्य |
| **महिला तथा बालबालिका इकाई** प्रमुख श्री बिनीता अधिकारी | -सदस्य |
| ई.प्र.का.भालुवाङ ईन्चार्ज | -सदस्य |
| **पत्रकारहरु :-** महेश रिजाल र ओमप्रकाश गुप्ता | -सदस्य |

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकासँग सेवा करार सम्फौता गरी गाउँपालिका, वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु र ग्रामिण स्वास्थ्य इकाईहरुमा सेवा करारमा कार्यरतहरुको सेवा करार म्याद मिति २०७५ पौष मसान्तमा समाप्त हुने भएकाले उपरोक्त सेवा करारमा कार्यरत सबैको सेवा करार म्याद मिति २०७६ आषाढ मसान्तसम्म थप गर्ने र वडा कार्यालयहरुमा कार्यरत सेवा करारका प्राविधिकहरु वडाका योजना लगायत अन्य कामकाज गर्नुपरेको कारण करार सम्फौतामा तोकिएको लक्ष्य पुरा नभएको भएतापनि निजहरुको कार्य सन्तोषजनक भएकाले निजहरुलाई सेवा करार सम्फौताको मिति देखि मिति २०७५ मंशीर मसान्तसम्मको पुरा पारिश्रमिक भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको क्रमागत योजना अन्तर्गत राजश्व संभाव्यता अध्ययनको भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाबाट मिति २०७५/०८/२८ मा प्रकाशित सेवा करारमा लिने सम्वन्धी सूचना अनुसार ईन्जिनियर र सव-ईन्जिनियर सम्वन्धी सेवा प्रदान गर्न सफल उम्मेदवारहरुसँग सेवा करार सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको चालु आ.व. ०७५/०७६ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार राप्ती गाउँपालिकाका विभिन्न वडाहरुमा विद्युतीरण कर्यका लागि बजेट विनियोजन भएकोमा टेन्डर प्रक्रियाद्वारा विद्युतीकरण कार्यका लागि आवश्यक पर्ने लागत अनुमान तयार गरी यस गाउँपालिकालाई उपलव्ध गराई दिन विद्युत प्राधिकरण वितरण शाखा घोराही दाङलाई लेखि पठाउने निर्णय गरियो ।